# चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड: ६ | सख्या: १७ | मिति: २०७९ /१२/३० |
|---|---|---|


# चिङ्गाड गाउँपालिका
# नमुना विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना:**

माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहले व्यवस्थित गर्ने संविधान प्रदत्त अधिकारलाइ संरक्षित गर्दै चिङ्गाड गाउँपालिकामा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भुमिका खेल्न सक्ने नमुना विद्यालयको आवश्यकता देखिएकाले एक गाउँपालिका एक नमुना विद्यालयको नितिअनुसार नमुना विद्यालय संचालन तथा व्यवस्थापन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम 'नमुना विद्यालय संचालन तथा 'व्यवस्थापन कार्यविधि २०७९' हुनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

(ग) यो कार्यविधि नमुना विद्यालय छनौट गर्न र नमुना विद्यालयको रुपमा छनौट भएका सामुदायिक विद्यालयको हकमा लागु हुनेछ ।

**२. परिभाषा**

(क) ''नमुना विद्यालय'' भन्नाले चिङ्गाड गाउँपालिका भित्र 'एक गाउँपालिका एक नमुना विद्यालय' को रुपमा छनौट भएका विद्यालयलाई जनाउनेछ ।

(ख) ''अंग्रेजी भाषा'' भन्नाले यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा अंग्रेजी माध्यममा पठन पाठन शुरु भएका विद्यालयहरूलाई जनाउनेछ ।

(ग) ''स्थानीय तह'' भन्नाले नेपालको संविधान बमोजिम गठित चिङ्गाड गाउँपालिकालाई जनाउनेछ ।

(घ) ''व्यवस्थापन समिति''भन्नाले प्रचलित कानून अनुसार गठन भएको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई जनाउनेछ ।

(ङ) ''शिक्षक'' भन्नाले नेपाल सरकारको अनुदानबाट तलब भत्ता प्राप्त गर्ने तथा सामुदायिक विद्यालयमा नियुक्ति गरिएको निजी शिक्षकलाई समेत जनाउनेछ ।

(च) ''कर्मचारी'' भन्नाले नेपाल सरकारको अनुदानबाट तलब भत्ता प्राप्त गर्ने विद्यालय कर्मचारीलाई जनाउनेछ ।

## परिच्छेद-२
## उद्देश्य

**३. यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहनेछ :**

(क) नमुना विद्यालयको छनौट, विकास, संचालन तथा व्यवस्थापनको लागि मार्गदर्शन गर्नु,

(ख) नमुना विद्यालय विकासका लागि छनौट भएका विद्यालयहरूको प्रगति मापनको लागि सूचक तथा मापदण्ड तयार गर्ने,

(ग) अंग्रेजी भाषा प्रोत्साहन कार्यक्रमको लागि आधार तयार गरी त्यसको प्रभाविकारिता मूल्याङ्कन गर्ने,

(घ) नमुना विद्यालय छनौटका लागि व्यावहारिक तथा वस्तुगत आधारहरू तयार गर्ने,

(ङ) गाउँपालिकाद्वारा प्रदान गरिएको योजना तथा कार्यक्रमलाई पारदर्शी रुपमा यस कार्यविधि बमोजिम खर्च गर्ने गराउने,

## परिच्छेद-३

## नमुना विद्यालय संचालन,व्यवस्थापन तथा कार्यान्वयन समिति

**४. नमुना विद्यालय संचालन, व्यवस्थापन तथा कार्यान्वयनको लागि देहाय बमोजिमको समिति रहनेछः-**

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक - सदस्य

(घ) पूर्वाधार विकास समितिका संयोजक - सदस्य

(ङ) शिक्षा, युवा तथा खलकुद शाखा पमुख - सदस्य सचिव

वैठकमा आमन्त्रण गर्न सकिनेः-

(क) समितिले बैठकमा सम्बन्धित वडाको वडा अध्यक्ष, नमुना विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा बिषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(ख) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठक सम्बन्धि कार्यबिधि आफैं व्यबस्थित गर्नेछ ।

४.१. नमुना विद्यालय संचालन, व्यवस्थापन तथा कार्यान्वयन समितिको काम कर्तव्य अधिकार :-

(क) गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरूबाट अनुसूची-१ बमोजिम मागका आधारमा नमुना विद्यालय विकासका लागि कार्यक्रम छनौट गर्ने,

(ख) नमुना विद्यालय विकासकालागि स्थानीय तहभित्र क्रियाशील सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय गर्ने,

(ग) यस कार्यविधि अनुसार तयार गरिएका मापदण्डका आधारमा मूल्याङ्कन गरी प्रोत्साहन गर्ने,

(घ) नमुना विद्यालय संचालन तथा व्यवस्थापनको लागि तोकिएका मापदण्ड बमोजिमका आवश्यक भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि कार्यक्रमगत अनदुानको व्यवस्था गर्ने

(ङ) छनौट भएका नमुना विद्यालयहरूको नियमित अनुगमन तथा निरीक्षण गर्न आवश्यक व्यवस्थापन मिलाउने

(च) नमुना विद्यालय विकासका निमित्त छनौट भएका विद्यालयहरूलाई शैक्षिक तथा भौतिक सुधारका लागि योजना निर्माण गर्न लगाउने र सोको अनुगमन गरी सुझावसहित स्वीकृतको लागि कार्यपालिकामा पेश गर्ने,

(छ) नमुना विद्यालयहरूबिच समन्वय तथा सीपको आदान प्रदान गर्ने वातावरण तयार गर्ने,

(ज) गुणात्मक शिक्षा विकासको लागि विद्यालयको सुपरिवेक्षण अनुगमन गरी आवश्यक निर्देशन दिने,

(झ) अंग्रेजी माध्यममा कक्षा संचालन भएका विद्यालयहरूमा दक्ष अनुभवी अंग्रेजी शिक्षक नियुक्तिको लागि आवश्यकव्यवस्था गर्ने ।

## परिच्छेद-४

# नमुना विद्यालय विकासका लागि छनौटका आधार तथा शर्तहरू

**५. नमुना विद्यालय विकासका लागि छनौटका आधार तथा शर्तहरू देहाय बमोजिम हुनेछन्ः -**

(क) नेपाल सरकारबाट अनुमति तथा स्वीकृति प्राप्त सामुदायिक विद्यालय हुनु पर्नेछ ।

(ख) विद्यालय रहेको क्षेत्रको भौगोलिक बनावट, रहनसहन, जनघनत्व, सामाजिक संरचनाअनुसार प्रति कक्षा उपयुक्त विद्यार्थी संख्या हनुपर्नेछ ।

(ग) विद्यालयको भौतिक पूर्वाधार सुधार गर्न उपयुक्त र आफ्नै जग्गा, भवन हनुपर्नेछ ।

(घ) शिक्षा ऐन, नियम अनुसार विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशील रहनु पर्नेछ ।

(ङ) विद्यालय, अभिभावक, शिक्षक, विद्यार्थी बिच सम्बन्ध स्थापित गर्न शिक्षक अभिभावक संघ प्रचलितअनुसार गठन भएको हुनु पर्नेछ ।

(च) आर्थिक पारदर्शिताको लागि सामाजिक लेखा परीक्षण तथा वार्षिक लेखा परीक्षण तोकिएको समयमा सम्पन्न गरेको हुनुपर्नेछ ।

(ज) विद्यालयको शैक्षिक, भौतिक, आर्थिक विवरणहरू खुल्ने तथ्याङ्कहरू समयमै तयार गरी पेश गरेका हुनुपर्नेछ ।

(झ) नमुना विद्यालय विकास गर्न विद्यालय व्यवस्थापन समितिद्वारा कार्यविधिमा तोकिए अनुसार काम गर्न प्रतिबद्धता तथा सम्बन्धित वडाको विद्यालय विकास र संचालनमा आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता सहितको सिफारिस समेत आवेदन साथ पेश गर्नु पर्नेछ ।

६. **नमुना विद्यालय विकासका लागि छनौटका प्रक्रियाः-** नमुना विद्यालय विकासका लागि देहाय बमोजिमका छनौट प्रक्रिया अपनाइनेछ ।

(क) स्थानीय तहले इच्छुक विद्यालयहरूबाट आवेदन लिनको लागि सार्वजनिक सचूना प्रकाशन गर्नेछ ।

(ख) तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका गाउँपालिका भित्रका विद्यालयहरूले समयसीमाभित्र आवश्यक कागजातहरू सहित निवेदन पेश गर्नु पर्नेछ ।

(ग) प्राप्त निवेदनहरूको छानबिन गरी रीतपूवक निवेदन दिने विद्यालयहरूको स्थलगत अनगुमन गरी आवश्यक मापदण्ड पूरा गरेका विद्यालयहरूलाई गाउँपालिकामा एउटा विद्यालय छनौट गरी नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।

## परिच्छेद-५

# शैक्षिक तथा भौतिक पूर्वाधार निर्माण

७. नमुना विद्यालय विकासका लागि छनौट भएका विद्यालयहरूका भौतिक तथा शैक्षिक पूर्वाधार निर्माण देहाय अनुसार गरिनेछः

(क) नमुना विद्यालय संचालनका लागि शिक्षकहरूलाई आवश्यकता अनुसार तहगत तथा विषयगत तालिमको लागि व्यवस्था गरिनेछ ।

(ख) बालमैत्री शिक्षणमा आधारित आधुनिक शिक्षण विधि र प्रविधि सहितको शिक्षणसिकाई क्रियाकलाप संचालन गरिनेछ ।

(ग) शिक्षण सिकाईको लागि आवश्यक पर्ने पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ ।

(घ) नमुना विद्यालयहरूबीच अनुभवहरूको तथा सीपको आदान प्रदान गर्ने वातावरण तयार गरिनेछ ।

(ङ) नमुना विद्यालय विकासको लागि तोकिएको मापदण्ड अनुसार कक्षाकोठा व्यवस्थापन, खानेपानी, शौचालय, विद्युत, इन्टरनेट

सेवा, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षण कक्ष आदि निर्माण तथा व्यवस्थापन गरिनेछ ।

(च) विद्यार्थी,अभिभावक तथा शिक्षक सहितको शैक्षिक अवलोकन र भ्रमणको व्यबस्था गरिनेछ ।

(छ) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मासिक परीक्षा संचालन, नतिजा अभिलेखिकरण तथा विश्लेषणको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

(ज) शिक्षक कर्मचारी तथा विद्यार्थी आचार संहिता निर्माण गरी प्रभावकारी ढंगले लागू गरिनेछ ।

(झ) अतिरिक्त क्रियाकलाप संचालन, सरसफाई जस्ता विषयमा विद्यार्थीहरूलाई अधिकतम परिचालन गरिनेछ ।

(ञ) प्राथमिक उपचारको लागि आवश्यक सामग्रीको व्यवस्था गरिनेछ ।

(ट) नमुना विद्यालयको लागि छनौट भएका विद्यालय तथा अंग्रेजी माध्यममा कक्षा संचालन भएका विद्यालयहरूमा सम्बन्धित विषयमा दक्ष, अनुभवी शिक्षक नियुक्ति गर्न प्राथमिकता दिइनेछ ।

## परिच्छेद-६

## नमुना विद्यालय मापन गर्न अपनाइने सूचक तथा मापदण्ड

**८. नमुना विद्यालयको उपलब्धि मापन गर्न अपनाइने सूचक तथा मापदण्डहरू देहाय अनुसार हुनेछन् ।**

(क) नतिजा अभिलेख (प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक, वार्षिक परीक्षा)

(ख) पाठयोजनाको निर्माण र प्रयोग

(ग) शैक्षिक सामग्रीको निर्माण र प्रयोग

(घ) अंग्रेजी भाषा शिक्षकको भाषा कुशलताको जाँच

(ङ) अंग्रेजी माध्यममा अध्ययन गर्ने विद्यार्थीहरूको अग्रेजी भाषा पय्रोग गर्ने सीपको जाँच

(च) कक्षा कोठा व्यवस्थापन (झ्याल, ढोका, ह्वाइट बोर्ड,बालमैत्री डेक्सबेन्चको अवस्था, कक्षा कोठाको सरसफाई

(छ) छात्र-छात्रा शौचालय तथा वातावरणीय सरसफाई

(ज) खानेपानी, विद्युत, इन्टरनेट, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर कक्ष, प्राथमिक उपचारको व्यवस्थापन

(झ) दैनिक कार्यतालिका निर्माण, शिक्षक विद्यार्थी नियमितता, विद्यार्थी तथा शिक्षक पोशाक, अतिरिक्त क्रियाकलापको अभिलेख आदि ।

## परिच्छेद-७
## आर्थिक व्यवस्थापन

९. नमुना विद्यालयको रुपमा छनौट भएका विद्यालयहरूलाई स्थानीय तहबाट अपुग विषयगत तथा तहगत शिक्षक व्यवस्थापन गर्न मापदण्डका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

१०. दफा (९) बमोजिमका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गर्न योजनागत तथा कार्यक्रमगत अनुदान दिइनेछ ।

तर भौतिक तथा शैक्षिक गुणस्तर सुधारको लागि नगद अनुदान उपलब्ध गराइने छैन ।

## परिच्छेद-८
## प्रोत्साहन सुविधा

१२. नमुना विद्यालय विकासको लागि प्रचलित कानून अनुसार नियुक्त प्रधानाध्यापकले थप प्रशासनिक तथा व्यवस्थापकीय जिम्मेवारी वहन गर्नुपर्ने भएकोले कार्य सम्पादन करारका सुचकको आधारमा प्रोत्साहन सुविधा वापत रकम दिन सकिनेछ ।

१३. नमुना विद्यालय विकास कार्यक्रम संचालन भएका विद्यालयहरूमा हरेक पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्न आफ्नो जिम्मेवारी प्रति बढी

उतरदायी र जवाफदेही बनाउन कार्य सम्पादन करारका सुचकहरूको आधारमा शिक्षकहरूलाई थप प्रोत्साहन सुविधा दिन सकिनेछ।

## परिच्छेद ९
## शिक्षकसँग कार्यसम्पादन करार

१४. नमुना विद्यालय विकासको लागि छनौट भएका विद्यालयको प्रधानाध्यापकले गाउँपालिकासंग र बिषयगत शिक्षकले प्रधानाध्यापकसँग सिकाई उपलब्धि वृद्धि गर्न निश्चित प्रक्रिया अपनाई कार्यसम्पादन करार गर्नु पर्नेछ । यसलाई कार्य सम्पादन मूल्याङ्कन तथा प्रोत्साहनको आधार बनाइनेछ । विद्यालयको कार्य सम्पादनमा गत तीन वर्षको तुलनामा पाच प्रतिशत वृद्धि भएमा सम्बन्धित विषय शिक्षकलाई खाइपाई आएको तलब भत्ताको तोकिएको रकम प्रोत्साहन स्वरुप प्रदान गरिनेछ । शैक्षिक उपलब्धि वृद्धि नभइ यथावत रहेमा विषय शिक्षकलाइ सचेत गराइनेछ ।

## परिच्छेद १०
## विविध

१५. विद्यालयले आवश्यकता अनुसार भौतिक पुर्वाधार, शिक्षक व्यबस्थापन, आर्थिक व्यवस्थापन लगायतका विषयमा कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

१६. यो कार्यविधि जारी हुनुपूर्व तयार भएको नमुना विद्यालय छनौटको आधार, संचालन तथा व्यवस्थापन यसै कार्यविधि बमोजिम नै भए गरेको सरह मानिनेछ ।

१७. तोकिएको मापदण्ड पूरा नगर्ने नमुना विद्यालयहरूलाई नमुना विद्यालयको सूचीबाट हटाइनेछ ।

१८. यो कार्यविधिको दफा तथा उपदफाहरू प्रचलित ऐन कानूनसँग बाझिएको हकमा अमान्य हुनेछ ।

## अनुसूची-१

## नमुना विद्यालय छनौटका लागि दिइने आवेदन

**श्री गाउँपालिका कार्यालय चिङ्गाड,**
**सुर्खेत ।**

**विषयः- नमुना विद्यालय छनौट सम्बन्धमा ।**

प्रस्तुत विषयमा .........................को मिति..........................मा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र................. देखि श्री ................................. विद्यालयले नमुना विद्यालय संचालन तथाव्यवस्थापन कार्यविधि, २०७९ मा तोकिएको न्यूनतम सर्तहरू पुरा गरेकाले नमुना विद्यालय विकासको रुपमा छनौट हन देहाय अनुसारका विवरण सहित निवेदन गरिएको छ ।

**तपसिल विद्यालयको विवरण**

१. विद्यालयको नामः

२. ठेगानाः चिङ्गाड गाउँपालिका, वडा नं. ......गाउँ/टोल ........................
   फोनः .......................................

**विद्यालयको किसिमः**

१) सामुदायिक (२) सार्वजनिक गुठी

सञ्चालित कक्षाः .............

अनुसूचि १ बमोजिम नमुना विद्यालय छनौटको आवेदनका लागि आवश्यक कागजातहरूः-

१) विद्यालयको नाममा रहेको जग्गा धनी प्रमाणपत्र वा भोगाधिकार पत्रको प्रमाणित प्रतिलिपि

२) विद्यालय संचालन गर्न दिइएको अनुमति/स्वीकृति/सम्बन्धन पत्रको प्रमाणित प्रतिलिपि

३) विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि

४) सम्बन्धित वडाको सिफारिस

५) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी वैठक पुस्तिकाको प्रमाणित प्रतिलिपि

६) विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक तोकेको वैठकको निर्णय र नियुक्ति पत्रका प्रमाणित प्रतिलिपि

७) गत आर्थिक वर्षको लेखा परीक्षण र सामाजिक परीक्षणको प्रमाणित प्रतिलिपि

८) चालु शैक्षिक सत्रमा भरेको शैक्षिक तथ्याङ्कको प्रमाणित प्रतिलिपि

९) अध्यावधिक विद्यालय सुधार योजनाको प्रमाणित प्रतिलिपि

१०) अन्यआवश्यक कागजातहरू

आज्ञाले

चक्रबहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत